नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड : २** **संख्याः ६७** **मितिः २०८२।०७।२४**

भाग —२

अविवाहित महिला तथा एकल पुरुष भत्ता वितरण सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२

कार्यपालिकाबाट प्रमाणित मितिः२०८२।०७।१९
प्रमाणीकरण मितिः२०८२।०७।१९
स्थानीय राजपत्रमा प्रकाशन मितिः२०८२।०७।२४

**प्रस्तावना**: नौगाड गाउँपालिका अन्तर्गत रहेका सामाजिक सुरक्षा कार्यक्रममा नसमेटिएका 'अविवाहित महिला तथा एकल पुरुष' नागरिकको सामाजिक सुरक्षा र लैंगिक समानता सुनिश्चित गर्ने उद्धेश्यले नौगाड गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ) ऐन,२०७५ को दफा ४ बमोजिम नौगाड गाउँपालिकाले यो कार्यबिधि जारी गरेको छ|

नौगाड गाउँपालिका अविवाहित महिला तथा एकल पुरुष भत्ता वितरण सम्बन्धि (पहिलो संशोधन) कार्यविधि, २०८२

प्रमुख प्रशासकीय अधिकृत

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१ ) यस कार्यविधिको नाम "अविवाहित महिला तथा एकल पुरुष भत्ता वितरण सम्बन्धि (पहिलो संशोधन) कार्यविधि,२०८२" रहेको छ |

(२) यो कार्यविधि गाउँपालिकाको बैठकले पारित गरि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ |

**२. परिभाषा :** (१)बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "एकल पुरुष" भन्नाले(दलितको हकमा ५५ वर्ष देखि ६० वर्ष सम्म र गैर दलितको हकमा ६० देखि ६८ वर्ष) सम्म विवाह नगरेको अथवा आफ्नो पत्नीको मृत्यु पश्चात अर्को बिवाह नगरी बसेको पुरुषलाई सम्झनु पर्नेछ |

(ख) "अविवाहित महिला" भान्नाले ३५ वर्ष पुरा भई विवाह नगरेको महिलालाई सम्झनु पर्नेछ र सो शब्दले सम्बन्ध विछछेद गरी बसेका,६० देखि ६८ वर्ष सम्मका महिला समेतलाई जनाउछ |

(ग)"गाउँपालिका" भन्नाले नौगाड गाउँपालिका सम्झनु पर्नेछ |

(घ) "कार्यालय" भन्नाले गाँउ कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ |

(ङ) "वडा कार्यालय" भन्नाले गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयलाई सम्झनु पर्नेछ |

(च) "अध्यक्ष" भन्नाले गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्नेछ |

(छ) “उपाध्यक्ष” भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्नेछ |

(ज) "वडा अध्यक्ष"भन्नाले सम्बधित वडाको वडा अध्यक्षलाई सम्झनु पर्नेछ |

(झ) "भत्ता " भन्नाले दफा ३ बमोजिमको रकम सम्झनु पर्नेछ |

**३. अविवाहित महिला तथा एकल पुरुष भत्ता पाउने :** (१) देहाय बमोजिमका नागरिकले मात्र अविवाहित महिला तथा एकल पुरुष भत्ता पाउन योग्य हुने छ :

(क) नेपाली नागरिक,

(ख) नौगाड गाउँपालिका भित्र स्थायी बसोबास गर्ने,

(ग) *पुरुषको हकमा (दलितलाई ५५ देखि ६० र गैर दलितलाई ६० देखि ७० वर्ष सम्म)

(घ) महिलाको हकमा ३५ वर्ष उमेर पुरा भई बिबाह नगरेको |

**४. अविवाहित महिला तथा एकल पुरुष भत्ता नपाउने :** दफा (३)बमोजिम योग्यता पुगेका भएतापनि देहाय बमोजिमको नागरिकले यस कार्यविधि बमोजिमको अविवाहित महिला तथा एकल पुरुष भत्ता पाउने छैन :

नौगाड गाउँपालिका अविवाहित महिला तथा एकल पुरुष भत्ता वितरण सम्बन्धि (पहिलो संशोधन) कार्यविधि,२०८२



प्रमुख प्रशासकीय अधिकृत

(क)कुनै सरकारी वा सार्बजनिक पदमा नियुक्त,निर्बाचित,मनोनित भएका नागरिक,

(ख)सरकारी कोषबाट निवृत्तभरण पाइरहेका नागरिक,

(ग)प्रचलित कानुन बमोजिम अन्य सामाजिक सुरक्षा भत्ता लिई रहेका नागरिक वा लिने नागरिक|

**५. भत्ता रकम र वितरण:** (१) अविवाहित महिला तथा एकल पुरुषले कार्यपालिकाले निर्धारण गरे बमोजिमको भत्ता पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको भत्ता सम्बन्धित वडा कार्यालयबाट भत्ता वितरण गर्ने अधिकारीले अन्य सामाजिक सुरक्षा भत्ता वितरण गर्ने समयमा बैंक मार्फत स्वंयम व्यक्तिको बैंक खातामा वितरण गरिने छ|

**६. निवेदन दिनुपर्ने:** (१) दफा (३) बमोजिमको भत्ता पाउने नागरिकले सम्बन्धित वडा कार्यालयमा अनुसूची १ बमोजिमको निबेदन दिनुपर्नेछ|

(२) उपदफा (१) बमोजिमको निबेदन साथ देहायको कागजात निवेदकले प्रमाणित गरि संलग्न गर्नु पर्नेछ|

(क) नागरिकता प्रमाण-पत्र प्रतिलिपि

(ख) पत्नीको मृत्युदर्ताको प्रमाण –पत्रको प्रतिलिपि

(ग) अविवाहित प्रमाणित पत्र

(३) उपदफा (१) बमोजिम निबेदन प्राप्त भएमा वडा कार्यालयले पन्ध्र दिनभित्र आवस्यक कारवाही गरि निर्णय गर्नु पर्नेछ|

(४)उपदफा (३) बमोजिम कारवाही गर्दा एकल महिला तथा पुरुष भत्ता नपाउने देखिएमा कारण खुलाई सोको लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ|

(५) उपदफा (३) बमोजिमको कार्वाही गर्दा एकल महिला तथा पुरुष भत्ता पाउने देखिएमा वडा कार्यालयले गाउँपालिकामा सिफारिस गरि पठाउनु पर्नेछ|

**७. परिचय –पत्र :** (१)यस कार्यविधि बमोजिम अववाहित महिला तथा एकल पुरुष भत्ता पाउने नागरिकलाई गाउँपालिकाले अनुसूची (२) बमोजिम परिचय-पत्र दिनु पर्ने छ । (२)उपदफा (१) बमोजिम परिचय-पत्र नलिएका नागरिकले अविवाहित महिला तथा एकल पुरुष भत्ता पाउने छैन|

(३)उपदफा (१) बमोजिम प्राप्त भएको परिचय-पत्र हराए वा प्रयोग गर्न नमिल्ने भएमा रु. १००|- पर्तिलिपि दस्तुर संलग्न गरि कार्यालयमा अनुसूची (३) बमोजिमको निवेदन दिई पर्तिलिपि लिन सकिनेछ|



प्रमुख प्रशासकीय अधिकृत

**८. अभिलेख राख्नु पर्ने :** (१) गाउँपालिकाले यस कार्यविधि बमोजिम अविवाहित महिला तथा एकल पुरुष भत्ता पाउने नागरिकको विवरण र वितरण गरिएको अविवाहित महिला तथा एकल पुरुष भत्ताको अभिलेख अनुसूची (४) बमोजिम राख्नु पर्नेछ।

(२) वडा कार्यालयले दफा ६ बमोजिम परेको निवेदनको अभिलेख अनुचि (५) बमोजिम राख्नु पर्नेछ।

**९. अभिलेखबाट नाम हटाउने :** (१) गाउँपालिकाले देहायको अवस्थामा अविवाहित महिला तथा एकल पुरुष भत्ता पाउने नागरिकको नाम अभिलेखबाट हटाउनेछ :

क. अविवाहित महिला तथा एकल पुरुषले बिहे गरेमा,

ख. बसाईसरी अन्यन्त्र गएमा,

ग. प्रचलित कानुन बमोजिम अन्य सुरक्षा भत्ता लिएमा,

घ. मृत्यु भएमा।

**१०. कसुर र सजाय :** (१ ) कसैले देहायको कार्य गरेमा यस कार्यविधि बमोजिम कसुर गरेको मानिनेछ :

क. विवरण ढाँटी अविवाहित महिला तथा एकल पुरुष भत्ता लिएमा

(२) कसैले उपदफा (१) को खण्ड (क) बमोजिमको कसुर गरेमा त्यस्तो कसुर गर्ने व्यक्तिले लिएको रकम असुल गरि निजलाई विगो बराबरको जरिवाना हुनेछ।

**११. अनुगमन सम्बन्धि ब्यवस्था :** (१) अविवाहित महिला तथा एकल पुरुष भत्ता पाउने ब्यक्तिको अभिलेख व्यवस्थापन तथा भत्ता वितरणको अनुगमन उपाध्यक्ष वा निजले तोकेको गाउँपालिकाका कुनै सदस्य वा कर्मचारीले गर्नेछ।

**१२. प्रतिबेदन दिनु पर्ने :** (१) अविवाहित महिला तथा एकल पुरुष भत्ता वितरण गरेको विवरण वडा कार्यालयले त्रैमासिक रुपमा गाउँपालिकालाई दिनु पर्नेछ।

**१३. संशोधन** : (१) गाउँ कार्यपालिका बैठकको निर्णयले यस कार्यविधि संसोधन गर्न सकिनेछ।

**१४. बाधा अड्काउ फुकाउने :** (१) यस कार्यविधि कार्यन्वयन गर्दा कुनै बाधा परेमा गाउँ कार्यपालिकाले आवस्यक निर्णय गरि त्यस्तो बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ।

**१५. बचाउ :** (१) यस कार्यविधि लागु हुनु भन्दा अगावै कुनै निवेदन सम्बन्धित वडा कार्यालयमा परिसकेको भए यसै कार्यविधि बमोजिम भएको मानिनेछ।



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुँपरीबाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# अनुसूची १

(दफा ६ को उपदफा १ संग सम्बन्धित)

## नाम दर्ताको लागि दिने निवेदनको ढाँचा

मिति: .........................

श्रीमान्,वडा अध्यक्ष ज्यू,
......नं वडा कार्यालय
नौगाड गाउँपलिका
.......दार्चुला

बिषय : नाम दर्ता गर्ने सम्बन्धमा |

म निवेदक अविवाहित महिला तथा एकल पुरुष भत्ता वितरण सम्बन्धि कार्यबिधि,२०७९ को दफा ३ बमोजिम भत्ता पाउनका लागि योग्य भएकोले नयाँ नाम दर्ता गरि दिनु हुन देहायको विवरण सहित यो निवेदन पेस गरेको छु

**फोटो**

**ब्यक्तिगत विवरण :**

नाम,थर : ...................................................
बाबु / आमाको नाम र थर : .................................
जन्म मिति (बि.स) : .......................................
स्थायी ठेगाना :जिल्ला : दार्चुला , गाउँपालिका :नौगाड
वडा नं. ...........टोल/ गाउँ ...............
ना.प्र.नं. ..........................जारी मिति : ...................
पत्नीको नाम, थर ...................................................
पत्नीको मृत्यु भएको मिति : ..................मृत्यु दर्ता नं. .........
मृत्यु दर्ता जारी गर्ने निकाय : ..............................................

**संग्लग्न कागजात**

१ निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपि
२ पत्नीको मृत्यु दर्ताको प्रमाणित प्रतिलिपि
३ फोटो २ प्रति

(मैले राज्यकोष बाट कुनै पारिश्रमिक, निबृतभरण , सामाजिक सुरक्षा भत्ता वा यस्तै प्रकारको कुनै अन्य सुबिधा पाएको छैन | उल्लिखित व्यहोरा ठिक साँचो हो , झुट्टा ठहरे कानुन बमोजिम साहुँला बुझाउला)

............................



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हीपरीबाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

निवेदक
हस्ताक्षर

| सम्बन्धित वडा कार्यालयले भर्ने : | |
|---|---|
| दर्ता नं . ................. | निवेदन रुजु गर्नेको नाम,थर र पद : ..................... |
| दर्ता मिति : ............................... | सहि : .............................................. |

| गाउँपालिकाको कार्यालयले भर्ने : | |
|---|---|
| नाम दर्ता गर्ने निर्णय मिति : ....................... | विवरण भर्नेको नाम, थर र पद : ..................... |
| परिचय पत्र नं : .......................................... | सहि : ............................................................. |
| भत्ता पाउने सुरु आ.व . २० ..../ ........ | कार्यालयको छाप : |

नौगाड गाउँपालिका अविवाहित महिला तथा एकल पुरुष भत्ता वितरण सम्बन्धि (पहिलो संशोधन) कार्यविधि, २०८२



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# अनुसूची २

## (दफा ७ को उपदफा १ संग सम्बन्धित)

## परिचय पत्रको नमुना

स्थानीय सरकार
नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

फोटो

<u>अविवाहित महिला तथा एकल पुरुष परिचय-पत्र</u>

परिचय-पत्र नं. ..........................................
नाम,थर . .................................................................
नागरिकता प्रमाण-पत्र नं. ..............................................
ठेगाना : जिल्ला : दार्चुला गाउँपालिका :नौगाड
वडा नं : .................टोल /गाउ ................................
जन्म मिति (बि.स) : ..............................................
बाबुको नाम,थर : ..............................................

प्रमाणित गर्ने अधिकारी
दस्तखत :
नाम, थर :
पद :

नौगाड गाउँपालिका अविवाहित महिला तथा एकल पुरुष भत्ता वितरण सम्बन्धि (पहिलो संशोधन) कार्यविधि, २०८२



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुँपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# अनुसूची ३

( दफा ७ को उपदफा ३ संग सम्बन्धित)

## प्रतिलिपि पाउँ भनि दिने निवेदनको ढाँचा

मिति : ...........................

श्रीमान् ,

कार्यालय प्रमुख ज्यु,

नौगाड गाँउ कार्यापलिकाको कार्यालय

नौगाड दार्चुला

विषय : प्रतिलिपि पाउँ भन्ने सम्बन्धमा

उपरोक्त विषय सम्बन्धमा म निवेदकको अविवाहित महिला /एकल पुरुष परिचय-पत्र नं ......को परिचय-पत्र( हराएको /प्रयोग गर्न नमिल्ने भएको) हुनाले अविवाहित महिला एकल पुरुष भत्ता वितरण सम्बन्धि कार्यविधिको दफा ७ को उपदफा (३) बमोजिम प्रतिलिपि दस्तुर निवेदन साथै राखी परिचय-पत्र को प्रतिलिपि पाउँ भनि सादर अनुरोध गर्दछु |

संलग्न कागजात :

१ नागरिकता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि
२ एकल महिला तथा पुरुषको परिचय-पत्रको प्रमाणित प्रतिलिपि
३ फोटो १ प्रति
(संलग्न गरिएका कागजातमा सहि लगाउने )

निवेदक
नाम,थर :
पुरा ठेगाना :
सम्पर्क नं :
हस्ताक्षर:

नौगाड गाउँपालिका अविवाहित महिला तथा एकल पुरुष भत्ता वितरण सम्बन्धि (पहिलो संशोधन) कार्यविधि, २०८२



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीबाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसूची ४

(दफा ८ को उपदफा १ संग सम्बन्धित)

### अविवाहित महिला तथा एकल पुरुष भत्ता प्राप्त गर्ने लाभग्राहि हरुको मुल अभिलेख

गाउँपालिका : नौगाड आर्थिक वर्ष : .............. किस्ता : .......................

| सि.नं. | परिचय-पत्र नं. | नाम,थर | जन्म मिति बि .स . | उमेर | वडा नं | नागरिकता नं. | मासिक भत्ता | जम्मा पाउने रकम | दस्तखत | बैंकको नाम | खाता नं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

नौगाड गाउँपालिका अविवाहित महिला तथा एकल पुरुष भत्ता वितरण सम्बन्धि (पहिलो संशोधन) कार्यविधि, २०८२

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ५

(दफा ८ को उपदफा २ संग सम्बन्धित)

अविवाहित महिला तथा एकल पुरुष भत्ता सम्बन्धि निवेदनको अभिलेख गाउँपालिका: नौगाड वडा नं: ............ आर्थिक बर्ष:

| सि.नं. | निवेदन नं | निवेदकको नाम | निवेदन दर्ता भएको मिति: | उमेर | जन्म मिति (बि.स.) | नागरिकता नं र जारी भएको मिति: | निवेदन उपर भएको कारवाही | निवेदन उपर भएको कारवाही मिति: | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

* पहिलो संशोधनबाट थप गरिएको

आज्ञाले,
पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका अविवाहित महिला तथा एकल पुरुष भत्ता वितरण सम्बन्धि (पहिलो संशोधन) कार्यविधि, २०८२

प्रमुख प्रशासकीय अधिकृत